# चौंरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक
Dhadhkharka Bhanjyang, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

सूचना! सूचना!! सूचना!!!

**बिषयः पशु चौपाय पैठारी तथा निकासी नगर्ने सम्बन्धमा।**

मितिः २०८०/१०/१०

प्रस्तुत विषयमा यस चौंरोदेउराली गाउँपालिकाको विभिन्न ठाउँमा खोरेत रोग देखिएकाले यस गाउँपालिका भित्र तथा बाहिर बाट कुनैपनि पशु चौपायाको पैठारी तथा निकासी नगर्नुहुन जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

## खोरेत रोगको जानकारी

**परिचयः**

खोरेत रोग भनेको सीमाविहीन रोग हो । खोरेत रोग गाई, भैंसी, बङ्गुर लगायत अन्य खुरफट्टा जनावरहरुमा लाग्ने गर्छ । त्यसै गरी अति छिटो पिकोर्ना जातीको विषाणुबाट सर्ने सरुवा रोग पनि हो । खोरेत रोग लागेको जनावरसंग संपर्क भएमा वा दूषित दाना, पानी र हावाको माध्यमबाट महामारीको रूपमा फैलने गर्दछ । रोगको असर लामो समयसम्म रहन सक्दछ । यो रोगबाट संक्रमण हुन सक्ने जनावरहरूको समूहमा रोगले असर गर्ने प्रतिशत झन्डै १०० हुन सक्दछ । स्थानीय वयस्क गाई , भैसीहरुमा खोरेत रोग देखा परेतापनि यो रोगको कारण मृत्यु कमै हुने गर्दछ भने बाच्छाबाच्छी, पाडा पाडी र बंगुरका पाठापाठीहरु खोरेत रोग लागि अत्यधिक संख्यामा मर्ने गर्दछन् । १० देखि १५ प्रतिशत बाछा, बाछी, पाडा पाडीको मृत्यु हुने सम्भावना हुन्छ भने ठुला पशुहरूको मृत्यु हुने सम्भावना १ देखि ५ प्रतिशतसम्म रहेको छ । यसको अर्को मुख्य असर भने दूध उत्पादन घट्छ ।

## खोरेत रोग कति प्रकारको हुन्छ ?

खोरेत विषाणु ७ प्रकारका हुने भएता पनि नेपालमा

- ओ,
- ए,
- एशिया–वान को कारण महामारी पैmलिने गरेको पाइन्छ ।

केही समय यता पान एसिया टोपो टाइप (**Pan Asia topotype**) ओ भाइरसका कारण वयस्क पशुहरुमा समेत विरामीदर र मृत्युदर बढी देखिएको छ र घातक रुपमा महामारी फैलिने गरेको पाइन्छ ।

## खोरेत रोगको लक्षण के कस्ता हुन्छन् ?

- सुरुमा पशुले राम्ररी नखाने ।
- मुख तथा गिजामा पानी पोका आउने र पछि फुटेर घाउ बन्ने ।
- राल काढ्न ।
- जिब्रोमा घाउ बन्न ।
- झोक्राउने नउग्राउने ।
- धेरै ज्वरो आउँछ ।
- खुरको कापमा घाउ हुन्छ र पशुले लङ्गडाउँछ ।
- कल्चौंडामा फोका उठ्ने र पछि थुनेलो हुन ।
- दुधालु गाई, भैँसीको दूध उत्पादन घट्ने ।
- ब्याउने पशुहरू तुहिन सक्ने र साना बाच्छाबाच्छी, पाडा पाडी र पाठापाठीहरु मर्न सक्दछन् ।

चौंरीदेउराली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

## खोरेत रोग सर्ने तरिका के के हुन् ?

- रोगी पशुसित लसपस भएमा,
- रोगी पशुको र्‍यालले दुषित बनाएको दानापानी खाएमा,
- रोगी पशुले फोहोर बनाएको भांडाकुंडामा दानापानी खाएमा,
- रोगी पशुलाई राखेको खोरमा राखेमा,
- रोगी जनावरको मास,
- कांचो दूध र खोरेत विषाणुले दुषित सामान, गाडी आदिको माध्यमबाट
- कुनै मानिस रोगी जनावरको सम्पर्कमा रहेको अवस्थामा निजको श्वास नलीभित्र २४ घण्टा खोरेत विषाणु बाच्न सक्छ र रोग सार्न सक्छ ।

## खोरेत रोग लागे कसरी उपचार गर्ने ?

- मुखको घाउमा फिटकिरी पानीले सफा गर्ने
- खुट्टाको घाउमा पोटास पानी वा डिटोल वा निलो वा १० प्रतिशत कपर सल्फेटको झोलले किरा परेको घाउ सफा गर्ने र कुनै मलम औषधि लगाउने
- Broad spectrum antibiotics प्रयोग गर्ने
- सुख्खा ठाउंमा राखि उपचार गर्ने
- प्राविधिकको सहयोग लिनु राम्रो हुन्छ ।

## खोरेत रोग कसरी रोकथाम गर्न सकिन्छ ?

- रोग लागेको पशुको ओसारपसार नगर्ने ।
- रोग वरिपरि रहेका स्वास्थ्य पशुहरुलाई खोप लगाउने ।
- गोठलाई सफा गरि राख्ने र पशुलाई सकेसम्म बंधुवा गरि पाल्ने ।
- रोगी पशुलाई बेग्लै राख्ने र रोगी पशुले दुषित बनाएको दानापानी आदिलाई गाडि दिने ।
- रोगबाट मरेकोलाई पनि गहिरो गरि खाल्डोमा पुर्नु पर्दछ।
- निरोगी पशुलाई खोरेत रोगको एफ.एम.डी. भ्याक्सीन लगाउनु पर्दछ ।
- रोग फैलिएको शंका लागेमा नजिकको सेवा केन्द्रमा तुरुन्तै खबर गर्नु पर्दछ ।